हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : १३० पृष्ठ : ४ २०७७ मंसिर २५ गते विहीबार (Thursday 10 December 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost




• *एक शिक्षकको चार नागरिकता* •

# शिक्षण सेवा अवधि लम्बाउन नागरिकता किर्तेको पोल खुल्यो


**सिरहा ।** शिक्षण सेवा अवधि लम्ब्याउन सिरहाका एक शिक्षकले फरक-फरक जन्म मितिमा एउटै नम्बरका चार वटा नागरिकता बनाएर पेश गरेको रहस्य खुलेको छ ।

सदरमुकाम सिरहास्थित चन्द्र नमूना मावि (प्राविधिक) शिक्षक सकलदेव यादवले फरक-फरक जन्ममितिमा एउटै नम्बरका चार वटा नागरिकता बनाएर पेश गरेको रहस्य खुलेको हो ।

चार वटा नागरिकता बनाएर उमेर हदभन्दा बढी शिक्षण गरिरहेको खुलेपछि शिक्षा विकास तथा समन्वय इकाइ सिरहाले शिक्षक यादवलाई अनिवार्य अवकाश दिएको छ । इकाइको २०७७ मंसीर २३ गतेको निर्णय अनुसार निम्न माध्यमिक शिक्षक (द्वितीय) दरबन्दीका शिक्षक यादवलाई २०७६ असोज १७ गतेदेखि लागू हुने गरी अनिवार्य अवकाश दिइएको जनाएको छ । जिल्ला प्रशासन कार्यालयबाट यादवको नागरिकताको प्रमाणित प्रतिलिपी झिकाएर छानबिन गर्दा सेवाको उमेर हद भन्दा १४ महिना ६ दिन बढी भेटिएपछि अनिवार्य अवकाश दिइएको शिक्षा विकास

बाँकी ३ पेजमा






# पेस्तोल देखाएर चार लाख लुटपाट

**लहान ।** मास्क लगाएको अपरिचत समूहले लहान-ठाडी सडकखण्ड अन्तर्गत सिरहाको लहान नगरपालिका-३ बाट पेस्तोल देखाएर बुधबार चार लाख रूपैयाँ लुटेका छन् ।

इलाका प्रहरी कार्यालय लहानका अनुसार मास्क लगाएको दुई जनाको समूहले बुधबार दिउूसो लहान नगरपालिका-२३ का ५४ वर्षीय जागेश्वर यादवलाई पेस्तोल देखाई ४ लाख रूपैयाू लुटपाट गरेका हुन ।

घरायसी ऋण तिर्न लहानस्थित जनउत्थान बचत तथा ऋण सहकारी संस्थबाट

बाँकी ४ पेजमा

# राजदेवी आधारभूत विद्यालयको भवन शिलान्यास





**लहान ।** लहान नगरपालिका-१८ स्थित राजदेवी आधारभूत विद्यालय भदैया शोभापुरको दुई कोठे कक्षा कोठा भवन निर्माणका लागि बुधबार शिलान्यास गरिएको छ । लहान नगरपालिकाका प्रमुख मुनि साहले एक कार्यक्रमको बीच बुधबार शिलान्यास गरे । नगर प्रमुख साहले विद्यालयको भौतिक पूर्वाधार र गुणस्तरीय

बाँकी ३ पेजमा










फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## बचत गर्ने बानीको विकास गरौं

गरिबीले मानिसलाई झन् गरिबीतर्फ धकेल्न बल गर्छ । गरिबीको भनेको जीविकोपार्जन सम्मका लागि पनि आम्दानी नहुनु र ऋणको भरमा बाँच्नु पर्ने अवस्था आइपर्नु हो । यस्तो अवस्थामा मानिसले आम्दानी बढाउने काममा लगानी गर्नसमेत सक्दैन । लगानी नभएपछि आम्दानी हुने कुरै भएन । त्यसले मानिसलाई शारीरिक र मानसिक रुपले झन् कमजोर अवस्थातिर धकेल्छ । यो गरिबीको दुश्चक्र हो ।

गरिबी मानवीय समस्या हो । मानिसको सकारात्मक सोच विचार, धेरै परिश्रम, खर्चमा अनुशासन र पैसाको व्यवस्थापनले गरिबी हटाउन सकिन्छ अथवा गरिबीका दुश्चक्रलाई तोड्न सकिन्छ । अन्तर्राष्ट्रिय ऋण महासंघका पिता मानिने फ्रिडरिच ब्वेलहेल्म राइफाइसन भन्दछन् 'आफ्नो प्रयत्न बिना नै गरिबीबाट उम्किने अनौठो उपाय म दिन सक्दिन । तर म एउटा उपाय जान्दछु जुन जोसुकै मानिसले पनि अवलम्बन गर्न सक्दछ । यदि सबैले साझा भलाइका लागि काम गर्दछन् भने आफ्ना चाहनाहरु पूरा गर्न सक्दछन् । समुदायका उद्यमी सदस्यहरुलाई ऋण प्रदान गरेमा उनीहरुको उद्यमबाट नाफा बढ्न सक्नेछ । बचत र लगानीबाट कुनै पनि बाहिरी सहयोग लिन नपर्ने गरी मानिस आत्मनिर्भर हुनेछन् । फलस्वरुप गरिबी घटाउन सक्नेछन् ।'

अनावश्यक खर्च घटाउँदा र विचार गरेर ठिक्कसँग अर्थात् मितव्ययी भएर खर्च गर्दा पनि पैसाको बचत हुन्छ । पैसाको बचत भएपछि लगानी गर्न सकिन्छ । लगानीबाट आम्दानी बढ्छ । आम्दानी बढेपछि शरीर र मन बलियो हुन्छ । शरीर बलियो भएपछि अनि मनमा आत्मविश्वास भएपछि आम्दानी बढाउने विभिन्न उपायहरु ग्र्न सकिन्छ र यसले आफ्नो जीवनलाई सजिलो तिर लैजान्छ । आफूसँग भएको पैसा वा अरु कुनै वस्तुबाट भविष्यका लागि भनेर छुट्याएर राखिएको केही अंश वा भाग बचत हो । बचत नगद वा जिन्सी दुबै हुनसक्छ । बचत सुरक्षित भविष्यको लागि बलियो आधार हो । भविष्यमा आइपर्न सक्ने आकस्मिक अवस्था वा जीवनकालका अन्य अति आवश्यक खर्चहरु टार्न बचतले ठूलो सहयोग गर्छ ।

बचत धनी मानिसले मात्र गर्ने कुरा होइन बरु यो गरिबहरुको साथी हो । लघु वित्तका प्रसिद्ध लेखक स्टुअर्ट रुदर फोर्ड 'गरिबहरुले झन् धेरै बचत गर्नु पर्दछ, बचत बिना उनीहरुको भविष्य सुरक्षित हुन सक्दैन' भन्दछन् । बचत भन्ने कुरा पैसाभन्दा पनि मनको अठोट र अनुशासनको कुरा हो । थोरै आम्दानी हुनेले पनि भविष्यको सुरक्षाको लागि बचत गर्ने बानी बसालिहाल्नुपर्छ । आजको साना बचतले भोलिको ठूलो समस्या टार्दछ ।

गाउँमा अपर्झट बिरामी, गर्जो पर्दा टार्ने समस्या परेपछि चार वर्षअघिदेखि सिरहाको कुर्वा, धन्छवार, ब्रहमपुरी, नैनपुर लगायत ६ गाउँका हरवा चरवा महिलाहरुले 'महिला आपतकालीन बचत कोष' जिल्लामैं उदाहरणीय बनेको छ । सधैभरी गिरहत (मालिक)को खेतबारीमा काम गरी गुजारा चलाउँदै आएका ती गाउँका सुत्केरी महिलालाई उपचारका लागि अस्पताल पुऱ्याउन छिमेकीसँग महंगो ब्याजदरमा ऋण माग्दा पनि नपाएपछि उनीहरुले चार वर्षअघि 'आपतकालीन कोष' खडा गरेका हुन् ।

गिरहतको खेतबारीमा काम गर्ने र बस्तुभाउ चराएपछि पाइने न्यून मजदूरीले आफूसहित जहान बालबच्चालाई एक पेट खुवाउन समेत कष्ट झेलिरहेका बधुवा मजदुर हरवा चरवा महिलाहरुले समूह बनाई मासिक १ सयका दरले बचत सुरु गरेका हुन । यो उनीहरुको प्रशंसनीय कदम हो । तसर्थ बचत सुरक्षित भविष्यको लागि पनि बलियो आधार हुने भएकाले बचत गर्ने बानीको विकास गर्नु आवश्यक छ ।

*सन्दर्भ : भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस*

# भ्रष्टहरू सजायको दायरामै किन तानिंदैनन् ?

**प्रणव भट्टराई** | **दिपेश घिमिरे**

डिसेम्बर ९ अर्थात् भ्रष्टाचारविरूध्दको अन्तर्राष्ट्रिय दिवस । नेपाल जस्तो अति कम विकसित र शासन व्यवस्था कमजोर भएको मुलुकमा यस्ता दिवसलाई विशेष महत्वसाथ मनाइन्छ र मनाइयो । नेताको एकाध ओठे प्रतिबध्दताबाहेक भ्रष्टाचारविरूध्द मनाइने यस्ता दिवस धेरैजसो औपचारिकतामा मात्रै सीमित हुने गर्छन् ।

भ्रष्टाचार किन बढिरहेको छ ? के कस्ता नीतिगत तथा संरचनागत सुधार गर्न आवश्यक छ ? कसरी प्रभावकारी रूपमा भ्रष्टाचार न्यूनीकरण गर्न सकिन्छ भन्नेतिर कुनै पनि दलका नेताहरूले छलफल त के चिन्तासम्म पनि व्यक्त गरेको हामीले सुन्न पाएका छैनौँ । चिन्तासम्म पनि गर्न फुर्सद नहुने दलहरूबाट भ्रष्टाचार नियन्त्रणका लागि केही ठोस काम हुन सक्छ भनेर कसरी विश्वास गर्ने ? यही बेवास्ताकै कारण देशमा भ्रष्टाचारको दर र दायरा तीव्र गतिमा बढिरहेको छ ।

केही समयअघि ट्रान्सपरेन्सी इन्टरनेसनलले 'ग्लोबल करप्सन ब्यारोमिटर' एसिया प्रतिवेदन सार्वजनिक गऱ्यो । उक्त अध्ययनमा समेटिएका एसियाका १७ वटा देशमा नेपालको अवस्था सबैभन्दा कमजोर देखियो । प्रतिवेदन अनुसार ५८ प्रतिशत नेपालीले पछिल्लो वर्ष देशमा भ्रष्टाचार बढेको मत दिएका थिए । सार्वजनिक भएको प्रतिवेदन अनुसार, ८४ प्रतिशत जनताले देशको सबैभन्दा ठूलो समस्या भ्रष्टाचार हो भन्ने धारणा राखेका छन् । प्रतिवेदनले भ्रष्टाचार नियन्त्रणमा सरकारको भूमिका अत्यन्तै निराशाजनक भएको देखाएको छ ।

प्रतिवेदनका सन्दर्भमा पक्ष र विपक्षमा धारणा सार्वजनिक भइरहेका छन् । सरकारी प्रवक्ताले लिखित रूपमै प्रतिवेदन अस्वीकार गरेको समेत धारणा सार्वजनिक गरे । अख्तियारले पनि यस्तै धारणा राखेको समाचार सार्वजनिक भए । यद्यपि राष्ट्रियरअन्तराष्ट्रिय हरेक अध्ययन अनुसन्धानले नेपालमा भ्रष्टाचार बढ्दै गइरहेको देखाएको छ । सरकारले भ्रष्टाचार नियन्त्रण गर्न प्रभावकारी काम गरिरहेको छु भन्ने दाबी गर्ने, तर भ्रष्टाचार अझ बढ्दै जानुका कारण के हुन सक्छन् ? भ्रष्टाचारविरूध्द अन्तर्राष्ट्रिय दिवसका अवसरमा तयार पारिएको यस आलेखमा नेपालमा भ्रष्टाचार बढ्नुका पृष्ठभूमिका कारण खोतल्ने प्रयास गरेका छौँ ।

**अनियन्त्रित चुनावी खर्च**

नेपालमा भ्रष्टाचार बढ्दै जानुका पछाडि पहिलो त, अनियन्त्रित, अपारदर्शी र महँगो निर्वाचन खर्च हो । अपारदर्शी र महँगो निर्वाचन हुँदा त्यसले राजनीतिक र नीतिगत भ्रष्टाचारलाई मलजल गरिरहेको छ । पछिल्लो समय निर्वाचन अत्यन्तै महँगो हुँदै गइरहेको छ । आर्थिक हैसियत राम्रो छैन भने चुनावी उम्मेदवारले अब राजनीतिक आस्था र विचारका भरमा मात्र चुनाव लड्न सक्ने अवस्था रहेन । निर्वाचनमा सहभागी हुने नेताले निर्वाचनमा करोडौँ रूपैयाँ लगानी गर्नुपर्ने बाध्यता छ ।

ठेकेदार, तस्कर, लगायतका व्यक्तिहरु आफैँ राजनीतिक दलसँग टिकट किनेर निर्वाचनमा उम्मेदवार बनिरहेका दृश्यले भ्रष्टाचार बढाउँछ । निर्वाचनमा हुने खर्च जुन मात्रामा अनियन्त्रित रूपमा बढ्दै गइरहेको छ, त्यसको स्रोत उत्तिकै अपारदर्शी समेत छ । स्रोतको अपारदर्शिताले राजनीतिक दलका नेताहरूको बसउठ र लेनदेन केरकस्तो व्यक्तिसँग भइरहेको छ भन्ने अन्दाज गर्न गाह्रो हुन्छ । यद्यपि के भन्न सकिन्छ भने गलत र नाजायज तवरबाट पैसा कमाइरहेकाहरूले राजनीतिक दलका नेतालाई अपारदर्शी तवरबाट लगानी गरिरहेका छन् ।

निर्वाचित भइसकेपछि नेताले निर्वाचनको समयमा आफूलाई लगानी गर्ने दाताको स्वार्थमा काम गर्नुपर्ने बाध्यतामा फस्छन् । पछिल्लो समय त ठेकेदार, तस्कर, लगायतका व्यक्तिहरु आफैँ राजनीतिक दलसँग टिकट किनेर निर्वाचनमा उम्मेदवार बनिरहेका दृश्यले भ्रष्टाचार बढाउँछ ।

**भ्रष्टाचार नियन्त्रणकै संस्था राजनीतिकरणमा**

दोस्रो, भ्रष्टाचार नियन्त्रण गर्ने निकायहरूको कमजोर कार्य सम्पादन र बढ्दो राजनीतिकरण हो । नेपालमा भ्रष्टाचार नियन्त्रण गर्ने काममा संवैधानिक निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगसहित करिब डेढ दर्जन विभिन्न निकाय छन् । राष्ट्रिय सर्तकता केन्द्र, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुध्दीकरण विभाग लगायतका यस्ता निकायहरुको कार्यसम्पादन अत्यन्तै कमजोर छ ।

संवैधानिक जिम्मेवारी पाएको आयोगका पदाधिकारी नियुक्तिमा हुने चरम राजनीतिकरण र कर्मचारीमा भएको कर्मचारीतन्त्रको दबदबाले स्वतन्त्र र स्वायत्त रूपमा आयोगले काम गर्न सकेको छैन । देशमा द्रुत गतिमा बढ्दै गइरहेको ठूला भ्रष्टाचारका काण्डहरूमा अख्तियार देखेको नदेख्यै गरिरहेको छ ।

अख्तियारकै पदाधिकारी भ्रष्टाचारजन्य क्रियाकलापमा फसिरहेका छन् । वर्तमान सरकार गठन भएसँगै राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुध्दीकरण विभागलाई प्रधानमन्त्री कार्यालयअन्तर्गत लगियो । तर सोचे जस्तो परिणाम दिन सकेको छैन । कतिपय अवस्थामा यस्ता निकायले गर्ने छानबीन र अनुसन्धान राजनीतिक रूपमा प्रेरित रहेको आरोपहरु सार्वजनिक भइरहेका छन् ।

यस्ता निकायहरूले जुन राजनीतिक दल सत्तामा छ, उसका नेता तथा कार्यकर्तामाथि छानबीन नै नगर्ने र छानबीन गरे पनि सत्ताको छायाँमा परेर त्यस्ता अनुसन्धानलाई तार्किक निष्कर्षमा नपुऱ्याउने अवस्था विद्यमान छ । सत्ताबाहिरको राजनीतिक दलमा आस्था राख्ने व्यक्तिमाथि मात्र छानबीन र अनुसन्धान गर्ने काम गरिरहँदा भ्रष्टाचार नियन्त्रणका काम जहिल्यै पनि राजनीतिक प्रतिशोध जस्तो देखिने अवस्था बनेको छ । परिणामतः नेपालमा भ्रष्टाचार बढाउन महत्वपूर्ण भूमिका खेलिरहेको छ ।

**सजायको दायरामै तानिँदैनन्, कुख्यात भ्रष्टहरु**

तेस्रो, भ्रष्टाचार गर्नेहरु न्यायिक निरुपण र अनुसन्धानको दायरामा आउने सम्भावना कम हुँदै जानु । भ्रष्टाचार नियन्त्रण तथा कारबाही गर्ने निकायको कमजोर कार्य सम्पादनको कारणले गर्दा भ्रष्टाचार गर्नेहरूको मनोबल उच्च भएको छ । जसले गर्दा भ्रष्टाचार 'न्यून जोखिम, अधिक फाइदाजन्य' क्रियाकलापका रूपमा स्थापित हुँदै छ ।

नेपालमा भ्रष्टाचार गर्नु भनेको 'न्यून जोखिम, अधिक फाइदा' हुने कार्यका रूपमा संस्थागत हुँदै छ । स्वस्थ शासन व्यवस्था भएका मुलुकहरु जहाँ भ्रष्टाचार नियन्त्रण गर्ने निकायहरु सक्रिय र प्रभावकारी छन् त्यहाँ भ्रष्टाचार गर्नु भनेको 'अधिक जोखिम, न्यून फाइदा' हुने कार्यका रूपमा लिइन्छ । तर नेपालमा भ्रष्टाचार गर्नु भनेको 'न्यून जोखिम, अधिक फाइदा' हुने कार्यका रूपमा संस्थागत हुँदै छ ।

एक अध्ययनअनुसार, भ्रष्टाचार नियन्त्रणमा अब्बल र शून्य सहनशीलता अपनाएका मलेसिया, चीन, दक्षिण कोरिया, जापान जस्ता मुलुकहरुमा कुनै पनि किसिमको भ्रष्टाचारमा संलग्न हुने व्यक्ति नेपाल जस्ता कमजोर शासन प्रणली भएका देशमा भन्दा २३ गुना बढी कारबाहीमा पर्ने सम्भावना हुन्छ । त्यसैले नेपालमा भ्रष्टाचारीहरूमाथि अनुसन्धान, कारबाही र न्यायिक निरूपणको सम्भावना धेरै कम हुँदै जानुले पनि भ्रष्टाचार बढ्दै गएको छ ।

**भ्रष्टहरुमाथि राजनीतिक संरक्षण**

चौथो, दण्डहीनता र राजनीतिक संरक्षण हो । पछिल्लो समय के देखियो भने भ्रष्टाचार अभियोग लागेपछि सार्वजनिक पदबाट राजीनामा दिएपछि पाइने उन्मुक्ति । मन्त्री, उच्चपदस्त व्यक्ति र राजनीतिक पहुँच भएकाहरुले पाइरहको

———बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- स्वास्थ्यमा सुधार आउनेछ । अचल सम्पत्ती हात पर्ने योगछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापार,व्यवसायमा लाभ हुनेछ ।

**वृष** :- समाज सेवा गरे लोकमा प्रसिद्ध भईनेछ । स्वास्थ्यमा सुधार आउला । आफन्त संगको सम्बन्धपनि गाढा र सुमधुर रहनेछ । तिर्थाटनको योग पनि छ ।

**मिथुन**:- आज सोचेको आटेको काममा फाइदा मिल्नेछ । लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ । मनोरञ्जनमा सहभागीता भइएला ।

**कर्कट** :- आज लगनशीलताले कामहरु अगाडी बढ्नेछन् । नयाँ नयाँ क्षेत्रमा लगानीको अवसर मिल्नेछ । श्रमको उचित मुल्यांकन हुनेछ ।

**सिंह**:- आज आफ्नो अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइनेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । अरूको मन जित्न पनि सकिनेछ ।

**कन्या** :- आज इच्छा र आकांक्षा पूर्ण हुन सक्छ । एक अर्कासंग केहि न केहि आशा गरिरहनु हुनेछ । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ ।

**तुला** :- आज मनमा निरासा र शरीरमा आलस्य आउला । मनमा सङ्का उत्पन्न हुनेछ । अनावश्यक ठाउँमा धन खर्च होला । प्रेममा मनमुटाव रहला ।

**वृश्चिक** :- आज नयाँ कार्यको थालनी हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ ।

**धनु** :- आँटेको र ताकेको कार्य पुरा होला । वैदेशिक यात्राको योग छ । पारिवारिक सद्भाव बढ्नेछ । व्यापार व्यवसायमा औसत लाभ हुनेछ ।

**मकर**:- आज तर्क, विवाद र प्रतिस्पर्धामा पकड भएको राम्रो दिन छ । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । कार्यमा सफलता पाईनेछ ।

**कुम्भ**:- निर्णय कार्यान्वयन हुन सक्दैनन् । आफ्नो विचार विपरित निर्णय हुनेछ । नजिकका व्यक्तिबाट काममा बाधा आउला । आत्मबलमा कमी आउनेछ ।

**मिन** :- आज बन्धु बान्धवबाट सहयोग मिल्नेछ । कार्य क्षेत्रमा प्रगती हुनेछ । वाक्चतुर्याईले संकल्प सिद्ध हुनेछ । बाहन सुख पनि मिल्नेछ ।

# शौचालयको हद सफा गर्ने क्रममा निस्सासिएर एकको मृत्यु

**सिरहा ।** नयाँ शौचालयको हद सफा गर्ने क्रममा निस्सासिएर सिरहामा बुधबार एक जनाको मृत्यु भएको छ । तीन जना बेहोस छन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार जिल्लाको विष्णुपुर गाउँपालिका-४ थलहाकटहामा नयाँ शौचालयको हद सफा गर्ने क्रममा निस्सासिएर कल्याणपुर नगरपालिका-१ का ५० वर्षीय सुरज पासवानको मृत्यु भएको हो ।

शौचालयको हद सफा गर्ने क्रममा सिरहा सुखिपुर नगरपालिका-५ का १८ वर्षीय राम सिहेश्वर सदा, कल्यापुर नगरपालिका-१ का ४७ वर्षीय देवनारायण पासवान र रामऔतार यादव घाइते भएका छन् । निस्सासिएर बेहोस घाइतेहरूको जिल्ला अस्पताल सिरहामा उपचार भइरहेको प्रहरीले जनाएको छ । मृतकलाई निकाल्न शौचालयको हदभित्र प्रवेश गर्दा तीन जना बेहोस भएको हुनसक्ने प्रहरीले जनाएको छ । करिब २० दिन अघि निर्माण गरिएको शौचालयको हदको ढक्कन खोलेर सफाइ गर्न प्रवेश गरेपछि अक्सिजन अभावले मृत्यु भएको हुनसक्ने जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## शिक्षण...

तथा समन्वय इकाइ सिरहाका निमित्त इकाइ प्रमुख शशिकुमार यादवले जानकारी दिए ।

इकाइ प्रमुख यादवका अनुसार जिल्ला प्रशासन कार्यालय सिरहाबाट विभिन्न मितिमा फरक फरक जन्ममिति र तर एउटै ५७९५ नम्बरका चारवटा नागरिकता झिकेर सेवाको उमेर हदभन्दा बढी शिक्षण गरी राज्य कोषको दोहन गरिरहेको उजुरी परे लगत्तै छानिबन गर्दा पुष्टि भएको हो ।

सिरहा नगरपालिका १७ माडरका स्थायी बासिन्दा रहेका यादव विरूद्ध स्थानीय तीन जनाले फरक फरक जन्म मितिको नागरिकता झिकेर शिक्षण सेवा अवधि लम्ब्याई राज्य कोषको दोहन गरिरहेको आरोपसहित ११ मंसिरमा उजुरी दिएपछि इकाइले १८ मंसिरमा यादवलाई सक्कल नागरिकता पेश गर्न पत्राचार गरेको थियो ।

उजुरी परेपछि इकाइबाट सक्कल नागरिकतासहित कार्यालयमा पेश गर्न भनिएपनि यादवले पेश नगरेपछि छानबीनका क्रममा जिल्ला प्रशासनबाट झिकेको चार नागरिकतामध्ये दुईवटा इकाइले फेला पारेको निमित्त प्रमुख शशिकुमार यादवले जानकारी दिए । उनका अनुसार त्यसमध्ये एउटा नागरिकताको जन्म मिति अनुसार अझै तीन वर्ष उमेर हद बाँकी देखिन्छ ।

आफ्नै जन्म मिति सच्याएर तलव सुविधा खाइरहेका यादवले इकाइमा सक्कल नागरिकता नबुझाएपछि जिल्ला प्रशासन कार्यालयमार्फत् झिकाइएको नागरिकताको प्रमाणित प्रतिलिपीमा जन्म मिति १७ असोज २०१६ रहेको भेटिएको थियो ।

त्यही प्रतिलिपीको आधारमा शिक्षा नियमावली, २०५९ ( संशोधनसहित) को नियम १३१ को उपनियम १ बमोजिम ६० वर्ष पूरा भएपछि अनिवार्य अवकश दिने व्यवस्था अनुसार १७ असोज २०७६ देखि लागू हुनेगरी २३ मंसिरमा अनिवार्य अवकाश दिइएको कार्यालयले जनाएको छ ।

त्यसको बोधार्थ राष्ट्रिय किताबखाना (शिक्षक), कर्मचारी संचय कोष, नागरिक लगानी कोष, जिल्ला प्रशासन कार्यालय सिरहा, जिल्ला प्रहरी कार्यालय सिरहा, सिरहा नगरपालिका र सम्बन्धित विद्यालयलाई दिइएको छ ।

नि.मा.शि.द्वितीय श्रेणीका शिक्षक यादवले मा.शि. तृतीय श्रेणीका शिक्षकले पाउने तलव, सेवा सुविधा लिइरहेको चन्द्र नमूना मावि (प्राविधिक) विद्यालयका प्रधानाध्यापक मधुसुदन कणले उल्लेख गरे ।

उनका अनुसार यादवले तलव ३५ हजार नौ सय ९०, छ ग्रेडको सात हजार दुई सय, कर्मचारी संचय कोषको चार हजार तीन सय १९, बीमाको चार सय र भत्तावापत् दुई हजार रूपैयाँ गरी मासिक रूपमा ४९ हजार नौ सय नौ रूपैयाँ बुझिरहेका थिए ।

'विद्यालयको अभिलेख अनुसार शिक्षक यादवले गत असोजसम्मको दशैं पेश्कीसहित तलब सबै सुविधा लिइसकेको देखिन्छ' उनले भने । विद्यालयका प्रधानाध्यापक कर्णले शिक्षक विकास तथा समन्वय इकाइ तथा जिल्ला प्रशासन कार्यालयबाट पत्र पाएपछि शिक्षक यादवको फाइल खोजिरहेको तर फेला नपरेको बताए ।

'विद्यालय भवनमा अस्थायी कोरोना अस्पताल संचालन गरेका बेला विद्यालयका कागजपत्रका पोकाहरू सार्ने क्रममा तलमाथि परेको छ' प्र.अ. कर्णले भने 'फाइल फेला परेपछि प्रशासन र इकाइलाई यादवले विद्यालयमा पेश गरेको नागरिकता रेकर्डसहितको जवाफ लेख्ने छौं ।'

शिक्षकहरूको पेशागत संस्था नेपाल शिक्षक युनियनको पटक पटक जिल्ला नेतृत्व गरेका यादवले शिक्षकको जिल्लान्तर सरूवा बढुवामा पनि पदीय मर्यादाको दुरूपयोग गरी आर्थिक चलखेल गर्ने गरेको आरोप शिक्षकहरूको छ ।

उमेर बढाएर राज्य कोषबाट तलव, ग्रेडसहित अन्य सेवा सुविधावापत् लिएको रकम असुलीका लागि जिल्ला सरकारी वकिल कार्यालयसँग परामर्श गरी आवश्यक कदम चालिने इकाइले जनाएको छ ।

इकाइका अनुसार सरकारी वकिल कार्यालयले दिने सुझाव अनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोग वा अन्य सम्बन्धित निकायमा उमेर हदभन्दा बाहेक उनले बुझेको तलव र अन्य सेवा सुविधाको रकम असुली गर्न उजुरीको तयारी गरिएको छ ।

## राजदेवी...

शिक्षामा नगरपालिका लागिपरेको बताए ।

पूजाअर्चना र वैदिक विधिकासाथ शिलान्यास गरिएको उक्त कार्यक्रममा वडाध्यक्षहरू तेज नारायण चौधरी, मो.समशेर, शिक्षा संयोजक राज कुमार साह, लहान नगर शिक्षा समिति सदस्य तथा सगरमाथा मा.वि.ढोढना विरनगरका अध्यक्ष वीरेन्द्र चौधरी, विद्यालयका प्रअ उद्धव हमाल, अन्य विद्यालयका प्रअहरू दोस्त बहादुर भट्टराई, रङ्गलाल साह, शिक्षकहरू नेपाली साह, जिबछ यादव, जिबछ उदासी, नागेश्वर महतो लगायतले सामुदायिक विद्यालय सुधार र गुणस्तर सुधारमा शिक्षक, अभिभावक, विद्यार्थी मिलेर अघि बढनु पर्ने बताए । विद्यालय व्यवस्थापन समिति अध्यक्ष दिपेन्द्र महतोको अध्यक्षतामा भएको उक्त कार्यक्रममा नीति, नियत, नियम र नेतृत्व ठिक भए सामुदायिक विद्यालय पनि निजी विद्यालय सरह सुधार हुनेमा उनीहरूको जोड थियो ।

कक्षा ५ सम्म सञ्चालित उक्त विद्यालयमा दलित र मुस्लिम समुदायका २ सय १८ विद्यार्थीहरू अध्ययनरत छन् । भौतिक पूर्वाधार अभाव झेलिरहेको विद्यालयले उक्त दुई कोठा निर्माण पश्चात् पठनपाठनमा सहज हुने बताइएको छ ।

नवनिर्मित आरसीसी भवन १६ लाखमा आउँदो चैतसम्ममा सम्पन्न गर्नुपर्ने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष महतोले बताए । उनले यद्यपि २ महिनाभित्र रातदिन नभनी काम गरेर निर्माण कार्य समपन्न गर्ने अठोट र प्रतिबद्धता गरे ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ-आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।**

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# तीन दिन मौसम बदली हुने

न्यूनचापीय प्रणालीको प्रभावका कारण अझै तीन दिन मौसम बदली नै हुने भएको छ । दक्षिणपूर्वी अरब सागर र हिन्द महासागरमा विकसित न्यूनचापीय प्रणालीको आंशिक प्रभावले देशका अधिकांश भूभागको मौसम अझै तीन दिन प्रभावित हुने छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार शनिबारसम्म देशभर आंशिकदेखि सामान्य बदली रहनेछ । तर पानी नपर्ने महाशाखाले जनाएको छ । प्रदेश १, वाग्मती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली तथा लुम्बिनी प्रदेशका पूर्वी भूभाग तथा प्रदेश नं २ मा आंशिक बदली र बाँकी स्थानमा मौसम सामान्यतया सफा रहेको छ ।

प्रदेश नम्बर १, २, वाग्मती र गण्डकी प्रदेशका भूभागमा अपराह्न आंशिकदेखि सामान्य बदली रही बाँकी स्थानमा मौसम सफा हुने विभागले जनाएको छ । महाशाखाको पछिल्लो विवरणअनुसार बुधबार काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम ९ दशमलव शून्य डिग्री र अधिकतम तापक्रम २० दशमलव २ डिग्री सेल्सियस छ । त्यस्तै बुधबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस दुई दशमलव शून्य डिग्री र सबैभन्दा धेरै जनकपुरको न्यूनतम तापक्रम १५ दशमलव ६ डिग्री सेल्सियस छ । **रासस**

## भ्रष्टहरु...

राजनीतिक संरक्षण र दण्डहीनता ।

ललिता निवास प्रकरणमा सार्वजनिक जग्गा छोराको नाममा दर्ता गराएर पछि फिर्ता गरिदिएपछि नेकपा महासचिव विष्णु पौडेलमाथि कुनै कारबाही भएन । पदेन हैसियतमा निर्णयमा हस्ताक्षर गर्नेहरु कारबाहीमा परे तर जग्गा आफन्तको नाउँमा गर्नेले पनि उन्मुक्ति पाए । उल्टै पुरस्कार स्वरूप अर्थमन्त्रीमा नियुक्ति गरियो ।

तत्कालीन सञ्चार मन्त्री गोकुल बाँस्कोटाको सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदमा अनियमितताको अडियो सार्वजनिक भयो । तर उनले राजीनामा दिएपछि उनीमाथि कारबाही भएन । बहुचर्चित वाइडबडी जहाज खरिदमा संसदीय उपसमितिले ४ अर्ब ३५ करोड रूपैयाँ भ्रष्टाचार भएको ठहर गरे पनि अख्तियारले संलग्नहरूमाथि कारबाही प्रक्रिया अगाडि बढाउन सकेको छैन । त्यसैले भ्रष्टहरूको राजनीतिक संरक्षण र उनीहरूले पहुँचका आधारमा 'इन्ज्वाय' गरिरहेको दण्डहीनता नेपालमा भ्रष्टाचार बढ्नुको अर्को प्रमुख कारण हो ।

**ठूला नीतिगत भ्रष्टाचार छानबीन बाहिर**

पाँचौं, अख्तियारलाई मन्त्रिपरिषद्बाट हुने नीतिगत निर्णयहरूमाथि छानबीन गर्ने अधिकार छैन । नीतिगत निर्णयका नाममा छानबीनको दायराबाहिर पार्न आर्थिक कारोबार जोडिएका मामलामा मन्त्रिपरिषद्बाट निर्णय गर्ने परम्परा संस्थागत गरिँदै छ । यसले नीतिगत र राजनीतिक भ्रष्टाचार बढाउन महत्वपूर्ण भूमिका खेलेको छ ।

गोकुल बाँस्कोटाको सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदमा अनियमितताको अडियो सार्वजनिक भयो । तर उनले राजीनामा दिएपछि उनीमाथि कारबाही भएन । केही सीमित व्यक्ति र स्वार्थ समूहको फाइदाका लागि गरिने निर्णयहरूलाई नीतिगत निर्णयको सुरक्षा कवचबाट बाहिर निकाल्न जरूरी छ । त्यसका लागि के कस्ता विषय नीतिगत निर्णयभित्र पर्छन् भनी आवश्यक व्याख्यासहितको सूची विद्यमान ऐनमा समावेश गर्नु आवश्यक छ ।

**किन चल्छ घूसखोरी ?**

छैटौं, कमजोर सामाजिक सुरक्षा हो । गाँस, बास र कपास मात्र होइन शिक्षा र स्वास्थ्य अत्यन्तै महँगो हुँदै गएको छ । नेपालकै सन्दर्भमा हेर्ने हो भने एउटा शाखा अधिकृतको मासिक तलब करिब ३४ हजार छ । त्यो आम्दानीले चार जनाको परिवार पाल्न, दुई बच्चाको विद्यालयको शुल्क तिर्न र नियमित रूपमा स्वास्थ्य उपचार गर्न पुग्छ ? पुग्दैन ।

जब मानिसले महिनाभरि हाडछाला घोटेर काम गरेर पनि आफ्नो नियमित तथा न्यूनतम आवश्यकता परिपूर्ति गर्ने कमाइ हुँदैन तब यो निश्चित छ जतिसुकै कारबाहीको डर भए पनि अवसर पाएको ठाउँमा घुस लिन वा भ्रष्टाचार गर्न छाड्दैन । स्वास्थ्यको अवस्था झनै भयावह छ । नेपालको स्वास्थ्य सेवा न त सबैको पहुँचमा छ, न त प्रभावकारी छ । कुनै व्यक्तिको परिवारको एक सदस्यमा सामान्य समस्या आयो भने पुर्ख्यौली सम्पत्ति बेचेर पनि पुग्दैन । कतिपय अवस्थामा आजीवन कमाएर पनि तिर्न नसकिने ऋण बोक्नुपर्छ । यस्तो अवस्थामा सार्वजनिक ओहोदामा बसेका अधिकारीहरुले त्यही स्वास्थ्यसम्बन्धी कुनै ठूलो अनिष्ट पो आउँछ कि भन्ने डरले अकुत सम्पत्ति जम्मा गर्ने बाटोमा लागेका छन् ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले हरेक वर्ष प्रकाशित गर्दै आएको 'करप्सन परसेप्सन इन्डेक्स'का केही वर्षका तथ्यांकलाई मिहिन रूपमा विश्लेषण गर्ने हो भने बलियो सामाजिक सुरक्षा भएका देशमा कम भ्रष्टाचार र कमजोर सामाजिक सुरक्षा भएका देशमा बढी भ्रष्टाचार भएका देख्न सकिन्छ । अर्थात् जुन समाजमा सामाजिक सुरक्षाको अवस्था कमजोर छ त्यो समाजमा भ्रष्टाचार नियन्त्रण गर्ने नाममा सार्वजनिक निकायका अधिकारीहरूलाई गाली गरेर वा कारबाहीको त्रास फैलाएर मात्र सफलता प्राप्त गर्न सकिँदैन ।

**भ्रष्ट किन नहोस्, सम्पत्तिवालको सम्मान**

सातौं, समाजमा सम्पत्तिप्रतिको बढ्दो मोह र सम्पत्तिवालालाई दिइने सामाजिक सम्मान हो । समाजमा कमजोर आर्थिक अवस्था भएका इमानदारलाई भन्दा टन्न सम्पत्ति भएका भ्रष्टाचारीलाई दिइने सम्मान उच्च छ । छरछिमेक, समाजमा नैतिकताविहीन भए पनि सम्पत्तिवालाले उच्च सम्मान पाउँछन् भने इमानदारको कुनै सम्मान छैन । हरेक व्यक्ति स्वभावैले समाजमा आफ्नो सम्मानको अपेक्षा राख्छ । अनि इमानदार भएर भन्दा पनि पैसा कमाएर सम्मान पाइन्छ भने म किन त्यही बाटो नहिँडौं भन्ने व्यक्तिको बुझाइ बढ्दै जान्छ ।

सम्पत्ति शुध्दीकरण विभागलाई प्रधानमन्त्री कार्यालयअन्तर्गत लगियो । तर सोचे जस्तो परिणाम दिन सकेको छैन । कतिपय अवस्थामा यस्ता निकायले गर्ने छानबीन र अनुसन्धान राजनीतिक रूपमा प्रेरित रहेको आरोप सार्वजनिक भइरहेका छन् ।

पूर्वसचिव खेमराज नेपाल आफ्नो पुस्तक 'समाज संस्कृति र शासन'मा नेपाली समाज पैसालाई अत्यन्तै महत्व दिने र उसले गरेका गतल व्यवहारलाई पनि सहजै पचाउने भएकाले सार्वजनिक पदधारण गरेका व्यक्ति पनि जायज नाजायज बाटोबाट सम्पत्ति संकलन गर्नेतर्फ लाग्ने उल्लेख गरेका छन् ।

अमेरिकन समाजशास्त्री जोन डिबे भन्छन्, 'व्यक्तिको आचरण व्यवहार र प्रवृत्ति ऊ जन्मेरहुर्केको समाज र संस्कृतिबाट प्रभावित हुन्छन् ।' वास्तवमा नेपाली समाजले कुनै पनि व्यक्तिलाई बच्चैदेखि पैसा कमाउन प्रेरित गर्ने किसिमको छ । यस्तो सामाजिक र सांस्कृतिक सस्कारमा हुर्किएको व्यक्तिले जहिले पनि पैसालाई अत्यन्तै महत्व दिने र जसरी पनि धनसम्पत्ति जोड्नेतिर क्रियाशील रहन्छ ।

माथि उल्लिखित केही कारणबाट के प्रस्ट हुन्छ भने भ्रष्टाचार बहुआयामिक समस्या हो । जबसम्म भ्रष्टाचारलाई सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक दृष्टिकोणबाट समस्या सम्बोधनका लागि आवश्यक नीतिगत तथा संरचनागत सुधार गर्न सकिँदैन, पूर्ण रूपमा भ्रष्टाचार नियन्त्रण तथा न्यूनीकरणमा सफलता हासिल गर्न सकिँदैन । भ्रष्टाचारविरूध्दको अन्तर्राष्ट्रिय दिवसले यस्ता कारणको जरासम्म पुगेर समाधानका लागि पहल गर्न सरोकारवाला सबैलाई झक्झकाउन सफल होस् । शुभकामना । ***इकागजबाट***

## पेस्तोल...

चार लाख रूपैयाँ झिकेर घर फर्किंदै गर्दा यादवलाई पेस्तोल देखाएर लुटपाट गरिएको थियो । लुटपाट गरिसकेपछि मोटरसाइकल चढेर भागेका थिए । घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY



# गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**नरहा गाउँपालिका कार्यालय, सिरहा**



लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)